First -Fast - Accurate www.ejanakpurkhabar.com

# जनकपुर खबर

JANAKPUR KHABAR दैनिक समाचारपत्र

ईन्टरनेट अनलाइन मार्फत देश-विदेशमा मधेश प्रदेश क्षेत्र समेतका घटना,समाचार तथा विभिन्नगतिविधिहरु पढन् तथा हेर्नका लागी Login गर्नु होस्
www.ejanakpurkhabar.com

● वर्ष : २ ● अंक : १७ ● बिहिवार-५ गते,फागुन-२०७८ साल [Thursday -17 February 2022] ● पृष्ठ -४ ● मूल्य :रु. ५/-

## MMC पारित गर्न भए प्रधानमन्त्री ब्याक

४ फागुन ,काठमाडौं ।

सत्ता गठबन्धननै भत्किने खतरा उत्पन्न भएपछि प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी टेबल गर्ने तयारी बाट अन्ततः ब्याक भएका छन् ।

बुधबार एमसीसी टेबल नगर्न आग्रह गर्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले देउवासँग बालुवाटारमा भेट गरेपछि देउवा आजको प्रतिनिधिसभा बैठकमा एमसीसी टेबल नगर्न सहमत भएका हुन् ।

सत्ता साझेदार दल माओवादी केन्द्रको बुधबार बसेको संसदीय दलको बैठकले संशोधन बिना एमसीसी पारित हुन नसक्ने निर्णय गरेको थियो ।

जबरजस्ती एमसीसी टेबुल गरिए सरकारबाटै बाहिरिने माओवादीले निष्कर्ष निकालेसँगै प्रधानमन्त्री देउवा ब्याक भएका हुन् ।



संसदीय दलको बैठकपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड कांग्रेस सभापति तथा प्रधानमन्त्री शेर बहादुर देउवालाई भेट्न बालुवाटार पुगेका थिए । बालुवाटार पुगेर प्रचण्डले संशोधन बिना अहिलेको अवस्थामा एमसीसीका अघि नबढाउन तथा बढाइए सरकारबाट बाहिरिने सम्मको पार्टीको निर्णय सुनाएका थिए ।

उसो त प्रचण्डले पार्टीको बैठकमा .......बाँकी पृष्ठ ३ मा

## स्थानीय चुनाव विरूद्धको रिट दर्ता

४ फागुन ,काठमाडौं ।



पाँच वर्षको अवधि पूरा नहुँदै निर्वाचन घोषणाविरूद्धको रिट दर्ता गर्न सवोच्च अदालतले आदेश दिएको छ । महोत्तरीको भंगाहा नगरपालिकाका प्रमुख सञ्जीव कुमार साहले दिएको रिट दर्ता गर्न सवोच्चले आदेश दिएको हो ।

यसअघि साहले दायर गरेको रिट सवोच्चले दरपीठ गरेको थियो । दरपीठको निर्णय बदर गर्न माग गर्दै मेयर साहले अर्को रिट दायर गरेका थिए ।

साहको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश ईश्वर खतिवडाको इजलासले दरपीठको निर्णय बदर गरी रिट दर्ता गर्न बुधबार आदेश दिएको हो । सवोच्चका रजिस्ट्रार नारायणप्रसाद पन्थीले रिट दरपीठ गरेका थिए ।

संविधानमा स्थानीयतहका जनप्रतिनिधिको कार्यकाल पाँच वर्ष हुने व्यवस्था छ। तर , वैशाख ३० मा निर्वाचन हुँदा संविधान अनुसार त्यो अवधि पूरा नहुने भन्दै मेयर साहले रिट दायर गरेका हुन ।

तत्कालीन प्रदेश २ मा तेस्रो चरणअन्तर्गत असोज २ मा स्थानीय तह निर्वाचन भएको थियो।

## मधेस प्रदेश सभाको बैठक फागुन १० गते बस्ने

४ फागुन,जनकपुरधाम ।

मधेस प्रदेशको प्रदेश सभाको बैठक फागुन १० गते मङ्गलवार बस्ने भएको छ। प्रदेशसभा सचिवालयले फागुन १० गते मङ्गलबार दिउँसो २ बजे बस्ने गरी प्रदेशसभाको बैठक आह्वान गरेको हो । आइतबार बस्ने भनिएको प्रदेशसभाको बैठक विशेष कारण देखाउँदै स्थगन गरिएको थियो । प्रदेशसभा बैठकमा प्रदेश सरकारद्वारा प्रस्तुत प्रदेश प्रहरी ऐन कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्ताव माथि छलफल हुने प्रदेश ...बाँकी पृष्ठ ४मा

## मेयर-उपमेयर दोहोरिन चाहेमा राजीनामा दिनुपर्ने




४ फागुन ,काठमाडौं ।

निर्वाचन आयोगले आगामी वैशाख ३० मा हुने स्थानीय तह निर्वाचनमा बहालवाला पदाधिकारीले उम्मेदवारी दिन चाहेमा राजीनामा दिनुपर्ने प्रावधान अघि सारेको छ।

आयोगले तयार गरेको आचारसंहिताको मस्यौदामा स्थानीय तहबाट पारिश्रमिक र सुविधा लिइरहेको व्यक्तिले पदबाट राजीनामा दिएपछि मात्रै उम्मेदवार बन्न सकिने व्यवस्था छ। आयोगले आचार संहिताको मस्यौदा दलहरूलाई सुझावका लागि पठाएको थियो । दलहरूले दिएको सुझावका आधारमा आचार संहितालाई मंगलबारसम्म अन्तिम रूप दिने आयोगको तयारी छ ।

स्थानीय तह निर्वाचन ऐनमा स्थानीय तहबाट पारिश्रमिक लिने व्यक्ति उम्मेदवार हुन नपाउने प्रावधान रहेकाले आचारसंहितामै यो प्रावधान राख्न लागिएको आयोगले जनाएको छ । ऐनको दफा १३ 'घ मा कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व र नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिको उम्मेदवार हुन योग्यता नपुग्ने आयोगको ठहर छ ।

सर्व-साधारणको लागि जनहितमा जारी




फोहर लाई श्रोतमै वर्गीकरण गरौं ।
(धनुषा विकाश केन्द्र )
जनकपुरधाम

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, (महोत्तरी) मधेश प्रदेश

# जनकपुरखबर डटकम

## सम्पादकीय ...............

### पैदल यात्रुलाई सास्ती......

मानिसहरु आवागमनलाई सहज पार्न बनाइएका सडकमा आधा जनसंख्याको अवस्था टीठलाग्दो छ । फुटफाथमा दैनिकी रुपले पसल थपेर गुजारा गरि रहेका व्यक्तिहरुको कारणले गर्दा जानकी मन्दिर देखि रामानन्द चौक सम्म पैदल यात्रु लाई सडक बीचबाट हिँड्नुपर्ने अवस्था देखिएको छ। सडकको दुरवस्थाका कारण असन्तुलित हुँदै चलाउनुपर्दा सवारी चालकसमेत अप्ठ्यारोमा पर्ने गरेका छन ।

पछिल्लो समय बन्दै गरेका फुटपाथसमेतको अवस्था दयनीय छ। साँघुरा र मुस्किलले एक जना मात्र हिँड्न मिल्नेदेखि पाइलासमेत अट्न नसक्नेसम्मका पाइएको छ। उप - महानगर पालिकाले तथा ट्राफिक व्यवस्थापन ले सडक सुधार मा काम पनि गर को होइनन। उनीहरुले सक्रियता पुर्वक फुटपाथ का पेटी खाली गराउँछन। तर केहि बेरमै खाली गराएका सडक पेटी को अवस्था पूर्ववत हामी ले सजिलै संग हेर्न पाउछौं । यसको लागि जनकपुरधाम उप- महानगर पालिकाले ठोस नीति अवलम्बन गरेर फुटपाथ अतिक्रमित गर्ने व्यक्ति हरु लाई कानुनी दायरा मा ल्याउनु पर्छ। दैनिक नगर प्रहरी लाई संचालन गरेर फुटपाथ मुक्त ओप्रेसन चलाउनु अत्यन्त आवस्यक रहेको देखिन्छ ।

ठेकेदारको चरम लापरबाही छ तर सरकारी निकायले प्रभावकारी अनुगमन गर्न नसक्दा ठेकेदारले सरकारलाई नै चुनौती दिइरहेको पाइएको छ। सडकपेटीको दुरवस्थाबाट पार पाउन हाम्रा सहरी योजनाकारले सडक संरचनाहरु सच्याउनैपर्छ ।

### जनकपुरधामको आवश्यक सर्म्पक नम्बरहरु

| | | |
|---|---|---|
| १. | सैप्टिक टैंक सफाई | ५२१२६२/९८४४०२८१५० |
| २. | धनुषा विकास केन्द्र | ५२४८५२ /९८००८८११२९ |
| ३. | बारुण यन्त्र (दमकल) | ५२००११ /९८५४०२००१४ |
| ४. | जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| ५. | जिल्ला प्रहरी कार्यालय धनुषा | ५२००९९/५२४१०० |
| ६.. | सशस्त्र प्रहरी बल मुझेलिया | ५२७२१३ /५२७८०० |
| ७ . | जनकपुर एयरपोर्ट कार्यालय | ५२००४४ |
| ८. | शाह केवल टि.भि.नेटवर्क | ५२४७२२ |
| ९. | एम्बुलेन्स रेडक्रस | ५२०८७० |
| १०. | कृष्णा नर्सींड होम | ५२१९१८ |
| ११. | एयरपोर्ट | ५२००४४ |
| १२. | होटल वेलकम | ९८०१६२००६५ |
| १३. | जनकपुर रेल्वे | ५२०२११ |
| १४. | बस पार्क | ५२०९९८ |
| १५. | रक्त संचार केन्द्र | ५२०८७० |
| १६. | नेशनल सोलिड वेस्ट मैनेजमेन्ट | ९८००८८११२९ |

# गायक बप्पी लहरीको ६९ वर्षको उमेरमा निधन

४ फागुन ।

भारतीय गायक बप्पी लहरीको ६९ वर्षको उमेरमा निधन भएको छ ।

सन १९५२ मा पश्चिम बंगालमा जन्मिनुभएको लहरीलाई बलीउडमा डिस्को राजा मानिन्छ । सन १९८२ मा रिलिज भएको डिस्को डान्सरमा उहाँले गाउनुभएको 'याद आ रहे हें तेरा प्यारको बोल सदाबहार गीत बन्नपुगेको छ ।

केही हप्तादेखि बिरामी पर्नुभएका लहरी मगंलबार पौने १२ बजे अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको बताइएको छ ।



## कोभिड १९ बाट संक्रमित भएको शंका लागेमा गर्नु होस यी ६ काम

### १. परीक्षण गर्नुहोस्

सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, सिँगान बग्ने, घाँटी दुख्ने जस्ता लक्षण देखिनेबित्तिकै एन्टिजेन वा पीसीआर परीक्षण गराउनुपर्छ। जसले गर्दा तपाईंलाई कोभिड-१९ सङ्क्रमण वा मौसमी रुघाखोकी के हो थाहा पाउन मद्दत पुग्छ।



### २. अलग्गै बस्नुहोस्

सङ्क्रमित व्यक्तिले मुख नछोपी वा मास्क नलगाई हाच्छ्युँ गर्दा वा खोक्दा र नजिकै रहेका वा अन्य कुनै तरिकाले सम्पर्कमा आएका स्वस्थ मानिसलाई थुक वा सिँगानका छिटा वा र्‍यालको कणमार्फत् सङ्क्रमण सर्ने सम्भावना हुन्छ। त्यसैले लक्षण देखिनेबित्तिकै ५ दिनसम्म होम आइसोलेसनमा बस्नुपर्छ।



### ३. नजिकको सम्पर्कमा आएका मानिसहरूलाई जानकारी दिनुहोस्

तपाईंसँग विगत १४ दिनयता नजिकको सम्पर्कमा आएका मानिसहरूलाई तपाईंलाई सङ्क्रमणको शङ्का लागेको वा सङ्क्रमण पुष्टि भएको फोन गरेर वा सन्देश पठाएर जानकारी दिनुहोस् र उनीहरूलाई पनि परीक्षण गराउन सल्लाह दिनुहोस्।



### ४. लक्षणबारे ख्याल गर्नुहोस्

सुरुको अवस्थामा कोभिड-१९ सङ्क्रमित व्यक्तिलाई ज्वरो, खोकी, थकान, घाँटी दुख्ने वा झाडापखालाको लक्षण हुन्छ। अनि प्रायशः यी लक्षणहरू बढ्दै जान्छन् भन्ने कुरा ख्याल गर्नुहोस्।



### ५. आराम गर्नुहोस् र शरीरमा पानीको मात्रा कमी हुन नदिनुहोस्

कोभिड-१९ सङ्क्रमण भएको अवस्थामा सबैभन्दा महत्वपूर्ण कुरा सावधानी अपनाउनु हो। त्यसैले कोभिड-१९ को उपचार गर्ने भनेर प्रचार गरिएका अप्रमाणित औषधिहरू सेवन गर्नु हुँदैन। प्रशस्त मात्रामा तातो पानी र झोलिलो खानेकुरा खानुहोला।



### ६. खोप नलगाएको भए निको भएको एक महिना पछि कोभिड-१९ विरुद्धको खोप लिनुहोस्

कोभिड-१९ बाट पनि मानिसहरूमा भाइरसविरुद्ध प्रतिरोधी क्षमता विकास हुन्छ। तर पनि त्यसलाई सुदृढ बनाउन कोभिड-१९ विरुद्धको खोप लगाउनुपर्ने हुन्छ। तर संक्रमणमुक्त भएको एक महिनापछि मात्र खोप लगाउनुहोला।



**कोरोना संक्रमण बाट बच्नका लागि जनस्वास्थका सबै मापदण्डको पालना गरौं।**

**मधेश प्रदेश सरकार**
**आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय**
**मधेश प्रदेश,जनकपुर**

# नेपालीलाई विदेशमै विद्युतीय राहदानी




**४ फागुन,काठमाडौं ।**
विदेशमा रहेका नेपालीले अब आफू रहेकै मुलुकबाट विद्युतीय राहदानी प्राप्त गर्न सक्ने भएका छन् ।

विभिन्न कारणले राहदानी बनाउनुपर्ने नेपालीले अनलाइनबाटै आवेदन दिन सक्ने छन भने नेपालबाट छपाइ गरी सम्बन्धित नागरिक रहेका मुलुकमै राहदानी पठाइनेछ ।

राहदानी विभागका महानिर्देशक डोरनाथ अर्यालले विदेशबाट लाइभ इनरोलमेन्ट गरेर विद्युतीय राहदानी नेपालमै छापिनु देशकै लागि ऐतिहासिक सफलता रहेको बताउनुभयो । पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीको संख्या धेरै भएका मुलुकमा विद्युतीय राहदानी वितरणको अभियान सुरु गरिएको छ ।

उहाँका अनुसार अहिलेसम्म कतार, मलेसिया, साउदी अरब, ओमान र कुवेतबाट विद्युतीय राहदानी जारी गर्ने कार्यमा सफलता प्राप्त भएको छ । उहाँले भन्नुभयो, मङ्गलबार ओमान र कुवेतमा विद्युतीय राहदानीको लाइभ इनरोलमेन्टको उद्घाटन भएको छ । विश्वका सबै देशमा सेवा पुर्‍याउने प्रयासमा छौं ।

यसअघि गत माघ २३ गते कतारको दोहाबाट लाइभ इनरोलमेन्ट गरी राहदानी छपाइ थालिएको छ । कतारमा सुरुको एक हप्ता सीमितका लागि राहदानी बुकिङ खुला गरिएको थियो ।

त्यस्तै, मलेसियास्थित नेपाली दूतावासबाट गत माघ २६ गतेबाट राहदानी वितरणको प्रक्रिया थालनी भएको छ । मलेसियामा दुई लाखभन्दा बढी नेपाली नागरिक वैदेशिक रोजगारीमा छन । पहिलो दिनमै ३३ जनाको लाइभ इनरोलमेन्ट गरिएको थियो । मलेसियाका लागि कार्यवाहक राजदूत मोतिबहादुर श्रीसले सेवाग्राहीको सहजताका लागि विभिन्न स्टेसन कायम गरेर विद्युतीय राहदानी वितरण गरिने बताउनुभयो । (रासस)

# प्रधानमन्त्री ब्याक.....

नेकपा एकीकृत समाजवादी पार्टी पनि एमसीसीको पक्षमा नरहेको बताएका थिए । एकीकृत समाजवादीले एमसीसीबारे मौनता साँधिरहेका बेला प्रचण्डले पार्टीको बैठकमा यस्तो बताएका हुन ।

तथापि बुधबार बिहानसम्म एकीकृत समाजवादी पार्टीको स्पष्ट धारणा बाहिर आइसकेको छैन । सत्ता गठबन्धनमै रहेको जनता समाजवादी पार्टीले भने एमसीसीको पक्षमा मतदान गर्ने दाबी काँग्रेस नेताहरुको छ । प्रतिनिधिसभामा १९ मत रहेको जसपाका नेता डा. बाबुराम भट्टराई खुलेर एमसीसीको पक्षमा लागेका छन भने अध्यक्ष उपेन्द्र यादव मौन छन् ।

भट्टराईको पक्षमा ११ र यादवको पक्षमा ८ सांसद रहेको जसपाका नेताहरु बताउँछन् । गठबन्धनमा रहेको राष्ट्रिय जनमोर्चा भने सुरुदेखि एमसीसीको विपक्षमा छ । गठबन्धनमा विवाद भएपछि केही दिनयता काँग्रेसले एमसीसीबारे माहोल बनाउन लबिङ थालेको थियो ।

सोही क्रममा मंगलबार बसेको काँग्रेस संसदीय दलको बैठकले एमसीसी टेबल गराउने निर्णय गरेको थियो भने यस बारे सहयोग गर्न सबै दलहरूलाई आग्रह पनि गरेको थियो ।

प्रधानमन्त्री शेरबहादुर देउवाकै आग्रहमा सभामुखले बुधबारका लागि कार्यव्यवस्था परामर्श समितिको बैठक समेत बोलाएका थिए । दिउँसो १ बजे बस्ने संसद बैठकका लागि मंगलबार सार्वजनिक गरिएको सम्भावित कार्यसूचीमा एमसीसी राखिए पनि कार्यव्यवस्था परामर्श समितिको बैठकबाट एजेण्डा राख्ने प्रयास गरिएको थियो ।

# गौतमबुद्ध विमानस्थलमा ‘क्यालिब्रेसन’ उडान हुने

**४ फागुन ,काठमाडौं ।**
राष्टिय गौरबको आयोजनाको रूपमा रहेको भैरहवामा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा फागुन ६ गतेदेखि १५ गतेसम्म यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाईट) गर्ने भएको छ ।

प्राधिकरणले मंगलवार सार्वजनिक सूचना निकालेर भैरहवामा १० दिनसम्म क्यालिब्रेस उडान सञ्चालन गर्ने तयारी गरिएको जनाएको हो । क्यालिब्रेसन उडानको जिम्मेवारी एरोनटिकल रेडियो अफ थाइल्याण्ड (एरो थाई) ले पाएको छ ।


एरो थाइको जहाज फागुन ५ गते काठमाडौं स्थित त्रिभुवन अन्तरराष्टिय विमानस्थलमा अवतरण गर्नेछ । काठमाडौंबाट भैरहवाका लागि उडान भरेर क्यालिब्रेसन उडान गर्ने जनाइएको छ ।

गौतमबुद्ध विमानस्थलको भौतिक निर्माण तथा उपकरण जडानसम्बन्धी कार्य सम्पन्न भइसकेको छ । क्यालिब्रेसन उडानका समयमा गौतमबुद्ध



विमानस्थलमा उडान तथा अवतरण समय ढिलो हुने भएकाले सम्बन्धित वायुसेवा कम्पनी तथा यात्रुलाई पर्न गएको असुविधाप्रति प्राधिकरणले क्षमा मागेको छ ।परीक्षण उडान पश्चात यो विमानस्थमा व्यवसायिक उडान गर्ने तयारी गरिएको छ ।(रासस)

नगर सफा राखौं
(धनुषा विकाश केन्द्र )




जनकपुरधाम उपमहानगर पालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, (धनुषा) मधेश प्रदेश

ओएसिस केमिकल ट्रेडर्स
फिनाईल,फ्लोर क्लिनर,टाँयलेट क्लिनर,टायल्स क्लिनर,
ग्लास क्लिनर,डिसवास, हैन्डवासको थोक बिकेता
सम्पर्क :- जनकपुरधाम (९८०२३०४४३३) काठमाडौं (९८४४४३१६१६)




दर्ता नं. ०४/०७७/०७८
पान नं. ६१५८०४४६२
मृदुला बहुउद्देश्य कृषि सहकारी संस्था लि.
Mridula Multipurpose Agriculture Co-Operative Organisation Ltd.
लोहारपट्टी -५, महोत्तरी
सम्पर्क नं. ९८४४४३१६१६

सके सम्म घरभित्रै बसौं .
कोरोना भाइरसबाट
आफु जोगिउं अरुलाई नि जोगाऔं ।

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा चार हजार १५७ विद्यालय छनोट



४ फागुन ,काठमाडौं ।

सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा प्राप्त आवेदनका आधारमा देशभरका चार हजार १५७ सार्वजनिक विद्यालय छनोट गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा सोमबार भएको बैठकले सो छनोट गरेको हो ।

छानिएका मध्ये चारकोठे भवन ९७६, दुईकोठे भवन ९६६, आइसिटी ल्याब व्यवस्थापन दुई हजार १०६, प्राविधिक ल्याब ८८ र नयाँ प्राविधिक विद्यालय स्थापना २१ निर्माण गरिने भएको छ ।

मन्त्री पौडेलका अनुसार चारकोठे भवन निर्माणका लागि प्रतिविद्यालय रु ३६ लाख, दुईकोठे भवन निर्माणका लागि रु १८ लाख, आइसिटी ल्याब व्यवस्थापनका लागि रु. छ लाख ५० हजार, नयाँ प्राविधिक धार सञ्चालनका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान २१ विद्यालयलाई रु ७० करोड ५९ लाख छ हजार, गत आर्थिक वर्षमा ल्याब व्यवस्थापनका लागि छुट विद्यालयका लागि अनुदान १४ विद्यालयका लागि रु. ३३ करोड ६० लाख र प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याब सुदृढीकरण तथा स्तरनोन्नितका लागि अनुदान ८८ विद्यालयलाई रु. ८८ करोड रकम छुट्याइएको छ । राष्ट्रपति शैक्षिक सुधारका लागि रु सात अर्ब ८५ करोड ५१ लाख रकम छुट्याएको छ ।

विद्यालय छनोट गरी बाँकी रु. एक अर्ब ३८ करोड रकम बाँकी रहेका स्थानीय तहका विद्यालयमा छुट्याइने शिक्षामन्त्री पौडेलले बताउनुभयो ।

देशका ७३७ स्थानीय तहबाट १३ हजार ४७३ विद्यालयले प्रस्ताव पठाएका थिए ।

जसमा सात हजार ९८६ विद्यालयले भवन निर्माण, चार हजार २३५ विद्यालयले आइसिटी ल्याब, ११७ विद्यालय नयाँ प्राविधिक धार , प्राविधिक विद्यालय ल्याब व्यवस्थापन १८८ र घेराबार खेल मैदानमा ९४७ विद्यालयले आवेदन दिएका थिए । देशभरमध्ये प्रदेश नं १ मा सबैभन्दा धेरै विद्यालयका भवन निर्माण हुने भएका छन ।

प्रदेशगत वितरण अनुसार प्रदेश १ मा १९८ विद्यालयमा चारकोठे भवन, १७९ विद्यालयमा दुईकोठे भवन, ३४९ विद्यालयमा आइसिटी व्यवस्थापन,२४ विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा सात विद्यालय छनोट भएका छन ।

यस्तै लुम्बिनी प्रदेशमा १९५ विद्यालयमा चारकोठे भवन, १३७ विद्यालयलमा दुईकोठे भवन, आइसिटी ल्याब व्यवस्थापनमा २८१ विद्यालय, प्राविधिक ल्याब १८ विद्यालयमा र नयाँ प्राविधिक विद्यालय स्थापना तीन विद्यालय छनोट भएका हुन । यस्तै मधेस प्रदेशमा १८० विद्यालयमा चारकोठे भवन, १९७ विद्यालयमा दुईकोठे भवन, २३५ विद्यालयमा आइसिटी ल्याब व्यवस्थापन, पाँच विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा चारवटा विद्यालय छनोट भएका छन ।

सुदूरपश्चिम प्रदेशमा १४१ विद्यालयमा चारकोठे भवन, १७९ विद्यालयमा दुईकोठे भवन, २७० विद्यालयमा आइसिटी व्यवस्थापन, आठ विद्यालयमा प्राविधिक ल्याब र विद्यालयमा नयाँ प्राविधिकमा एक विद्यालय छनोट भएका छन ।

भूकम्पबाट प्रभावित बागमती प्रदेशका १४ जिल्लामा भवनका लागि बजेट नहालिएको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि पौडेलले जानकारी दिनुभयो । चितवन बाहेकका १४ जिल्लामा र मदरसा, गुरुकुल र भूकम्पबाट नबनेका विद्यालयमा चारकोठे भवन २२, दुईकोठे भवन १२, आइसिटी ल्याब ४९१, प्राविधिक ल्याब १८ र नयाँ प्राविधिक विद्यालय स्थापना चार छनोट भएका छन ।

यस्तै गण्डकीमा १३० विद्यालय चारकोठे, १२५ दुईकोठे, २५५ आइसिटी ल्याब, १३ प्राविधिक ल्याब छनोट भएका छन । कर्णालीमा ११० विद्यालयमा चारकोठे भवन, १३८ मा दुईकोठे भवन, २२५ विद्यालयमा आइसिटी ल्याब, प्राविधिक ल्याब दुई र नयाँ प्राविधिक विद्यालय स्थापना दुई छनोट भएका छन् । (रासस)

# सुकिलुम्बामा तारा एयरले नियमित उडान भर्ने

४ फागुन ,काठमाडौं ।

यती एयरलाइन्सको भगिनी संस्था तारा एयरले ईलामको फाल्गुन्द सुकिलुम्बा विमानस्थलमा यही फागुन ११ गतेदेखि साताको दुई दिन उडान भर्ने भएको छ। निर्माण प्रक्रिया थालेको २० वर्षपछि सुकिलुम्बा विमानस्थलमा तारा एयरले साताको आइतबार र बिहीबार काठमाडौँबाट उडान भर्न लागेको हो ।

यती एयरलाइन्सका प्रवक्ता एवं हवाई सुरक्षा प्रमुख सुदर्शन बतौलाले धावनमार्ग कालोपत्र भई परीक्षण सम्पन्न भएसँगै नेपाल पर्यटन बोर्ड, इलाम नगरपालिका तथा तारा एयरको संयुक्त पहलमा उक्त विमानस्थलमा नियमित उडान भर्न लागिएको जानकारी दिनुभयो ।

फागुन ११ देखि काठमाडौँबाट बिहान ११ बजे र इलामबाट दिउँसो १२:३० उडान भर्ने तालिका रहेको प्रवक्ता बतौलाले बताउनुभयो । काठमाडौँबाट इलामसम्मको उडान अवधि करिब एक घण्टाको हुनेछ ।



यसअघि गत माघ ३ गते इलाम नगरपालिका र तारा एयरबीच सुकिलुम्बा विमानस्थलमा उडान सञ्चालन गर्ने विषयमा सम्झौता भएको थियो ।

सम्झौता अनुसार आते जाते ११-११ जना यात्रुको ग्यारेन्टी इलाम नगरपालिकाले गर्नुपर्नेछ । हवाई यात्राका लागि एकतर्फी भाडा रु नौ हजार कायम गरिएको छ ।

त्यस्तै उडानका लागि विमानस्थलमा आवश्यक कर्मचारीको व्यवस्थापन नगरपालिकाले गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।

इलाम नगरपालिकाका प्रमुख महेश बस्नेतले पर्यटन बोर्ड तथा तारा एयरको पहलमा नियमित उडान सञ्चालन गर्न लागेकामा आभार प्रकट गर्नुहुँदै आगामी दिनमा यात्रुले सहुलियत दरमा नियमित सेवा पाउने विश्वास व्यक्त गर्नुभयो। नेपाल पर्यटन बोर्डका सदस्य एवं पर्यटन व्यवसायी कृष्ण शाहले हवाई सेवा नियमित हुनसके इलाम जाने पर्यटकको सङ्ख्या बढ्ने विश्वास व्यक्त गर्नुभयो।

इलाममा सन्दकपुर, माईपोखरी, कन्याम-अन्तुसर्किट, छिन्टापु, सानो पाथीभरा, सिद्धिथुम्का, माइमालुङ, माइसेबुङ, गजुरमुखी, रेडपाण्डा पाइने वन तथा इलाम सदरमुकाम, पशुपतिनगर आदि पर्यटकीय आकर्षणका केन्द्र हुन ।

सुकिलम्बा विमानस्थलबाट नियमित उडान हुँदा इलाम, पाँचथरसहित भारतको, दार्जिलिङ, सिक्किम लगायतका नागरिकलाई हवाईयात्राका लागि सहज हुनेछ ।




## मधेस प्रदेश सभाको.........

सभा सचिवलायले जनाएको छ। गत माघ २६ गते बसेको प्रदेशसभाको बैठकमा प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सो सङ्कल्प प्रस्ताव पेश गर्नुभएको थियो । सो बैठकमा प्रदेशसभा सदस्य ज्ञानेन्द्रकुमार यादव, रवीन्द्र बैठा, जगतप्रसाद यादव, जैनुल राइन,परमेश्वर साह, शिवचन्द्र चौधरी, नरेशकुमार यादव, अभिराम शर्मा, किशोरी साह (कमल), रिना यादव, राम अशिष यादव लगायतले सरकार द्वारा ल्याइएको सङ्कल्प प्रस्ताव, माथि आ-आफ्ना धारणा राख्नुभएको थियो । (रासस)

सफाई मा भलाई

हंसपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बघचौडा, धनुषा, मधेश प्रदेश

जनकपुरखबर मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित सम्पादक : निरजकुमार मंडल. सह-सम्पादक : रवि मंडल मुद्रक : मोडल अफसेट प्रेस ,जनकपुरधाम ।
website : www.ejanakpurkhabar.com, en.ejanakpurkhabar.com : facebook : janakpurkhar : twitter : @janakpurkhabar : youtube : janakpurkhabar